National News : 27/06/ 2026

यो आकाशवाणी हो

**प्रमुख समाचारहरु**

१) प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो तीन दिने राजकीय भ्रमणका क्रममा सेसेल्सको राजधानी भिक्टोरिया पुग्नुभयो

२) उपराष्ट्रपति सी. पी. राधाकृष्णनद्वारा नयाँ दिल्लीमा 'एमएसएमई दिवस २०२६ - उद्यमी भारत' कार्यक्रमलाई सम्बोधन

३) प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि 'मन की बात' मार्फत देश तथा विदेशमा रहेका सर्वसाधारणसँग आफ्ना विचारहरू साझा गर्नुहुने

४) केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहद्वारा देशकै पहिलो सहकारी यातायात सेवा 'भारत ट्याक्सी'को  औपचारिक सुरुवात

---------

**प्रधानमन्त्री: सेसेल्सको भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो तीन दिने राजकीय भ्रमणका क्रममा सेसेल्सको राजधानी भिक्टोरिया पुग्नुभएको छ। विमानस्थलमा ओर्लनासाथ सेसेल्सका राष्ट्रपति डा. पेट्रिक हर्मिनी, त्यहाँका क्याबिनेट मन्त्रीहरू र उच्च पदस्थ अधिकारीहरूले प्रधानमन्त्री मोदीलाई भव्य स्वागत गर्नुभएको थियो । सो अवसरमा प्रधानमन्त्री मोदीको सम्मानमा विशेष 'गार्ड अफ अनर' समेत अर्पण गरिएको थियो।। श्री मोदीले सेसेल्स भारतको एक भरपर्दो समुद्री साझेदार र हिन्द महासागरको नजिकको मित्र भएको बताउनुभएको छ। उहाँले आफ्नो यो भ्रमण फलदायी हुने र यसले दुई देशबीचको पुरानो सम्बन्धलाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्नुभएको छ। साथै, यो सहकार्यले दुवै देशका जनतालाई फाइदा पुग्ने उहाँको भनाइ छ। उहाँ सेसेल्सको ५०औँ राष्ट्रिय दिवस अर्थात् स्वर्ण जयन्ती समारोहमा मुख्य अतिथिका रुपमा सहभागी बन्नुहुने छ । यस उत्सवमा भाग लिन भारतबाट सेनाको टोली र दुईवटा साना युद्धपोत पनि सेसेल्स पुगिसकेका छन्। श्री मोदीले सेसेल्सको संसदलाई सम्बोधन गर्ने र त्यहाँ बसोबास गरिरहेका भारतीय समुदायसँग भेटघाट गर्ने कार्यक्रम पनि रहेको छ।

'एमएसएमई दिवस २०२६ - उद्यमी भारत'

उपराष्ट्रपति सी. पी. राधाकृष्णनले विश्वका जुनसुकै अर्थतन्त्रको वास्तविक शक्ति सुक्ष्म, लघु तथा मध्यम  उद्योग क्षेत्रको योगदानमा रहने बताउनुभएको छ। आज नयाँ दिल्लीमा आयोजित 'एमएसएमई दिवस २०२६ - उद्यमी भारत' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भारतमा यस क्षेत्रले नयाँ पुस्ताका उद्यमीहरूको साहस र जोसलाई प्रतिनिधित्व गर्ने उल्लेख गर्नुभयो।

सन् २०४७ सम्ममा 'विकसित भारत' बनाउने लक्ष्यका लागि MSME सबैभन्दा बलियो आधार बनेको उहाँको भनाइ थियो। उहाँले मन्त्रालयलाई सबै साना उद्योगहरूको दर्ता प्रक्रियालाई अझ व्यापक बनाउन आग्रह गर्नुभयो।

**बाइट: सी. पी. राधाकृष्णन**

कार्यक्रमलाई सम्बोधन गर्दै केन्द्रीय सुक्ष्म, लघु तथा मध्यम उद्योग मन्त्री जितनराम माझीले बजेटमा सरकारले यस क्षेत्रलाई प्राथमिकता दिएको बताउनुभयो। उहाँले हरेक उद्यमीले नयाँ काम गर्ने, अघि बढ्ने र देश विकासमा योगदान दिने वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो।

प्रधानमन्त्री: मन कि बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि २८ जून आइतबार,बिहान 11: ३० बजे, आफ्नो चर्चित रेडियो कार्यक्रम 'मन की बात' मार्फत देश तथा विदेशमा रहेका सर्वसाधारणसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको १३५औँ शृङ्खला  हो।

यो कार्यक्रम आकाशवाणी र दूरदर्शनका सबै च्यानलहरू, अल इन्डिया रेडियो न्यूजको वेबसाइट, र 'न्यूज अन एअर' मोबाइल एपमा एकसाथ  प्रसारण हुनेछ। यसका साथै आकाशवाणी न्यूज, डीडी न्यूज, प्रधानमन्त्री कार्यालय  र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि यसको प्रत्यक्ष प्रसारण  हेर्न सकिनेछ।

हिन्दी भाषामा प्रसारण सकिएलगत्तै आकाशवाणीले यस कार्यक्रमलाई विभिन्न क्षेत्रीय भाषाहरूमा पनि प्रसारण गर्नेछ।

## मन्त्रि शाह बाट : भारत ट्याक्सी शुरुवात

केन्द्रीय गृह तथा सहकारी मन्त्री अमित शाहले देशकै पहिलो सहकारी यातायात सेवा 'भारत ट्याक्सी' लाई आगामी दुई वर्षभित्र देशभरका ५०० सहर र बजारहरूमा विस्तार गरिने घोषणा गर्नुभएको छ। आज गुजरातमा यस सेवाको औपचारिक सुरुवात गर्दै मन्त्री शाहले यो कदम सहकारी क्षेत्रका लागि एउटा ठूलो परिवर्तन भएको बताउनुभयो।

यो सेवामा चालकहरू आफैँ साझेदार हुनेछन्, र आफ्नो कमाइको अंश प्रतक्ष्य प्राप्त गर्ने छन् साथै यात्रुहरूले पनि सुरक्षित र सुपथ मुल्यमा यात्रा गर्न पाउने मन्त्री शाहले जानकारी दिनुभयो।

श्री शाहले 'भारत ट्याक्सी' सँग प्रतिस्पर्धा गर्न केही ठूला कम्पनीहरूले अहिले घाटा खाएर गाडी चलाइरहेको उल्लेख गर्दै उहाँले सहकारी ट्याक्सी सेवा चाँडै नै सबैको बलियो रोजाइ बन्ने विश्वास व्यक्त गर्नुभयो।

मन्त्री शाहले प्रसिद्ध 'अमुल' डेरी सहकारीको सफलताको उदाहरण दिँदै 'भारत ट्याक्सी' ले पनि त्यही सहकारी भावनाअनुरुप चालकहरूलाई आफ्नै व्यवसायको मालिक बनाउने स्पष्ट पार्नुभयो।

## राष्ट्रिय ग्रामीण विकास सम्मेलन २०२६'

केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानको अध्यक्षतामा भोलिदेखि नयाँ दिल्लीमा दुइ दिने "राष्ट्रिय ग्रामीण विकास सम्मेलन २०२६' आयोजना हुने भएको छ।

यस सम्मेलनमा देशका सबै राज्य र केन्द्रशासित प्रदेशका ग्रामीण विकास मन्त्रीहरू, उच्च सरकारी अधिकारीहरू र विज्ञहरूको सहभागिता रहनेछ। सम्मेलनमा ग्रामीण क्षेत्रको समग्र विकास, प्रमुख सरकारी योजनाहरूको समीक्षा र गाउँको समृद्धिका लागि आगामी मार्गचित्र तयार गर्ने विषयमा छलफल हुनेछ।

केन्द्रीय मन्त्री श्री चौहानको नेतृत्वमा यस प्रकारको वृहत राष्ट्रिय ग्रामीण विकास सम्मेलन पहिलो पटक हुन लागेको हो। यसले गाउँको विकासका लागि केन्द्र र राज्य सरकारहरूलाई सँगै मिलेर काम गर्न अनि साझा रणनीति बनाउन मद्दत गर्ने अपेक्षा गरिएको छ ।

## दिल्ली: त्रिपुरा ग्लोबल पाइनएप्पल  फेस्टिभल

त्रिपुराका मुख्यमन्त्री डा. माणिक साहा र केन्द्रीय पूर्वोत्तर क्षेत्र विकास राज्यमन्त्री डा. सुकान्त मजुमदारले आज नयाँ दिल्लीको मेजर ध्यानचन्द नेशनल स्टेडियममा तीन दिने 'त्रिपुरा ग्लोबल पाइनएप्पल  फेस्टिभल' को उद्घाटन गर्नुभएको छ। समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री साहाले त्रिपुरामा हरेक वर्ष करिब १ लाख ७८ हजार देखि १ लाख ८७ हजार मेट्रिक टन सम्म भुँइकटहर उत्पादन हुने र भुइकटहर त्रिपुराको सांस्कृतिक पहिचान र कृषिको शक्तिका रूपमा उल्लेख गर्दै, यो मेलाले निर्यात बढाउनुका साथै त्यहाँको संस्कृति, हस्तकला र पर्यटनलाई विश्वभर फैलाउन मद्दत गर्ने विश्वास व्यक्त गर्नुभयो। समारोहमा  केन्द्रीय राज्यमन्त्री डा. सुकान्त मजुमदारले २३६ करोड रुपैयाँको 'मिशन क्वीन पाइनएप्पल' योजनाबारे जानकारी गराउनुभयो ।

## अब मौसम सम्बन्धि समाचार :

मौसम विज्ञान विभागले आगामी तीनदेखि चार दिनभित्रमा  उत्तरी अरब सागर, गुजरात, मध्य प्रदेश र छत्तीसगढ़का बाँकी भागहरूमा मनसुन भित्रिने सम्भावना रहेको जनाएको छ। यसका साथै झारखण्ड, बिहार, उत्तर प्रदेश र उत्तराखण्डका केही क्षेत्रमा पनि दक्षिण-पश्चिम मनसुन अघि बढ्ने अनुमान गरिएको छ। विभागका अनुसार आगामी दुई दिनभित्र पश्चिम बंगाल र सिक्किमका उप-हिमालयी क्षेत्रमा  मुसलधारे पानी पर्ने सम्भावना रहेको बताएको  छ।

## अब खेल समाचार

फिफा विश्वकप २०२६ को समूह चरणका खेलहरू आज राति समाप्त हुनेछन । आजका ६ वटा खेलहरूपछि 'राउन्ड अफ ३२' (नकआउट चरण) मा पुग्ने सबै ३२ टोलीहरूको अन्तिम सूची सार्वजनिक हुनेछ। आज समूह चरणको अन्तिम खेलहरूमा  अर्जेन्टिनाले जोर्डनको सामना गर्दैछ भने पोर्चुगलले कोलम्बियासँग खेल्दैछ। यस्तै इङ्गल्यान्डले पानामाको सामना गर्नेछ।

अमेरिकामा भइरहेको 'युएस ओपन ब्याडमिन्टन' प्रतियोगितामा भारतका देविका सिहाग, किदाम्बी श्रीकान्त र रौनक चौहान सेमिफाइनलमा पुगेका छन्।

**आकाशवाणी बाट सुन्दैहुनुहुन्थ्यो समाचार पुरा भयो**